त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इञ्जिनियरिङ्ग अध्ययन संस्थान
Institute of Engineering
# Bulletin
GPO Box 1915, Pulchowk Lalitpur, Ph: 977-1-5521531, Fax: 5525830, www.ioe.edu.np, bulletin@ioe.edu.np

२०७९ साल बैशाख महिनाको बुलेटिन, प्रकाशन मिति: २०७९-०२-२० (June 3, 2022), बर्ष २७ अंक १, पुल्चोक, ललितपुर।

## Internatinal Collaboration with IIT Madras

On **April 6, 2022**, a delegation from IIT Madras visited the Institute of Engineering to discuss future collaboration with the Institute of Engineering and the Centre for Applied Research and Development (CARD). Prof. Dr. Shashidhar Ram Joshi, Dean of IOE, welcomed the attendees, and Prof. Dr. Sushil B. Bajracharya, Asst. Dean, IOE, gave a presentation. Prof. TU's Vice Chancellor, Prof. Dr. Dharma Kanta Baskota, TU's Rector, Prof. Dr. Shiv Lal Bhusal, and TU's Registrar, Prof. Dr. Peshal Dahal, all attended the event and took part in the discussion. Several collaboration activities were proposed and will be implemented in the following days.




Figure 1: Glimpse of IOE visit form professors of IIT madras

## CARD in Collaboration with AeHIN for DATATHON Activities

Center for Applied Research and Development (CARD) in collaboration with Asia eHealth Information Network (AeHIN) is organizing a datathon on **Jun 3-5 2022** for young digital health advocates to study the open-source Insurance Management Information System (openIMIS) data model and the Thai Diagnosis-related groups (DRGs) -compliant 12-table system. The outcome of this datathon will be fed into the future development of the OpenIMIS database design for countries like Nepal, Tanzania, etc. The application for participation is open till May 31, 2022. A team composed of minimum of two engineering/IT students in collaboration with medical domain students/experts is preferred. The first three teams to submit the most complete and accurate mapping will win the first prizes EUR500, second prize EUR 300, and third prize EUR 200.

# सम्पादकीय

## त्रि. वि. मा साप्ताहीक २ दिन बिदाका सम्भाव्य अवसर र चुनौती

नेपाल सरकारले २०७९ जेष्ठ १ गते देखि परीक्षणका रुपमा देशै भरिका सवै निकायहरुमा हप्ताको २ दिन बिदा दिने व्यवस्था लागु गरेको छ। हप्ताको ६ दिन र सुक्रबार आधादिन कार्यालय सञ्चालन भैरहेको हालको प्रचलनलाई परिवर्तन गरि सनिबार र आइतबार दुई दिन नियमित विदा दिने निर्णय प्राय सबै निकायहरुमा लागु गर्ने भनियता पनि त्रि वि मा सो लागु गर्ने सम्वन्धमा बिचार-बिमर्ष भैरहेको हुनाले त्रि वि का कक्षाहरु पुरानै पद्दतिमा सञ्चालनमा रेहका छन ।

अन्तराष्ट्रिय प्रचलन अनुसार संसारका धेरै देशहरुमा हप्ता भरिको कार्यसमय (Work Hour) लाइ कायम गरि हप्ताको दुई दिन बिदा दिने र सोही अनुसार सोमबार देखी सुक्रबारसम्म दिनको ९ देखि ५ बजेसम्म कार्यलाय सञ्चालन हुने व्यवस्था छ। नेपालको हकमा फरक परिस्थिति जस्थैः फरक भौगोलिक अबस्था, कार्यशैलिमा उचित अनुगमनको कमि, कार्यालग सञ्चालनका लागि चाहिने बिभिन्न स्रोत-साधनको कमि, कर्मचारीहरुको पुरानै कार्यशैलि आदिका कारण यो ब्यबस्था लागु हुन नसकिरहेको अवस्थामा कार्य क्षमता र उत्पादकत्व बढाउने उदेश्य अनुसारनै हप्ताको दुइ दिन बिदा दिने ब्यवस्था लागु गरिएको छ। तथापि कार्यशैलीको उचित अनुगमन, पशस्त स्रोत-साधन जस्तैः कार्यालयमा बिजुली-पानि-नास्ता आदि लगायत स्वचालित प्रणालीको उचित व्यवस्थापन नहुँदा सम्म हप्ताको दुइ दिन विदा दिने व्यवस्था लागु गर्न चुनौतीपूर्ण हुने देखिन्छ ।

त्रि. वि. का क्याम्पस तथा विभागहरु देशैभरी छरियर रहेका छन। ति सबै क्याम्पसहरुमा उचित क्यान्टिन लगायत स्रोत-साधनको उचित ब्यबस्था र कार्यशैलीको नियमित अनुगमन नहुँदा सम्म अध्ययन-अध्यापन गराउने यस्ता सँस्थाहरुमा साप्ताहिक २ दिन विदा दिने व्यवस्ता थप प्रत्यूत्पादक हून सक्ने देखिन्छ ।

# नियुक्ति / सरुवा / बढुवा / राजिनामा/अवकाश

इ. अ. सं. अन्तर्गतका आङ्गिक क्याम्पस र केन्द्रहरुमा त्रि. वि. तथा इ. अ. सं. को निर्णय बमोजिम २०७८ चैत्र महिनामा नियुक्ति, सरुवा, वढुवा, तथा अवकाश हुनु भएका र विभिन्न पदबाट राजिनामा गर्नुभएका शिक्षक तथा कर्मचारीहरुको विवरण तपसिल बमोजिम रहेको छ।

## तपसिल

| सि.नं. | नाम | पद | विवरण | पत्रको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री किशोर कुमार श्रेष्ठ | सह-प्राध्यापक | त्रि.वि.इ.अ.सं, पश्चिमाञ्चल क्याम्पसको आन्तरिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन एकाई (Internal Quality and Assurance Cell-IQAC) को अध्यक्ष पदबाट मिति २०७८/१२/०१ गते देखि लागु हुने गरि दिनु भएको राजिनामा सोहि मिति देखि लागु हुने गरी स्वीकृत भएको । | २०७८/१२/१७ | त्रि.वि.पुल्चोक क्याम्पसको च.नं.६८९।२०७८।०७९ को पत्रानुसार। |

| सि.नं. | नाम | पद | विवरण | पत्रको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री खगेन्द्र बहादुर थापा | उप-प्राध्यापक | त्रि.वि.इ.अ.सं, पुल्चोक क्याम्पसको सेमेष्टर करार सेवाको उप-प्राध्यापक पदबाट मिति २०७७/१०/२३ गते देखि लागु हुने गरि दिनु भएको राजिनामा सोहि मिति देखि लागु हुने गरी स्वीकृत भएको । | २०७९/०१/१२ | त्रि.वि.पुल्चोक क्याम्पसको च.नं.२३१२।२०७८।०७९ को पत्रानुसार। |
| २ | श्री राजु श्रेष्ठ | सहायक प्रशिक्षक | त्रि.वि.इ.अ.सं, पुल्चोक क्याम्पस,पुल्चोक अन्तर्गत इलेक्ट्रिकल इन्जिनियरिङ्ग विभागको मुख्य Lab Incharge पदमा मिति २०७९/०१/०१ गते देखि लागू हुने गरि अर्को व्यवस्था नभएसम्म बढीमा २ वर्ष सम्मको लागि नियुक्ति गरिएको छ। | २०७९/०१/०६ | त्रि.वि.पुल्चोक क्याम्पसको च.नं.२२९३।२०७८।०७९ को पत्रानुसार। |
| ३ | डा.पुष्कार राज पोखेल | उप-प्राध्यापक | त्रि.वि.इ.अ.सं, पुल्चोक क्याम्पसको एप्लाईड साइन्सेस एण्ड केमिकल इन्जिनियरिङ्ग विभाग अन्तर्गत गणित विषयको सह-प्राध्यापक पदमा मिति २०७८/१२/२५ गते देखि लागू हुने गरि नियुक्ति गरिएको । | २०७९/०१/०५ | त्रि.वि.रजिष्ट्रारको कार्यालयको च.नं.४९११।२०७८।०७९ को पत्रानुसार। |
| ४ | डा.बसन्त राज अधिकारी | उप-प्राध्यापक | त्रि.वि.इ.अ.सं.पुल्चोक क्याम्पस अन्तर्गत सिभिल इन्जिनियरिङ्ग विभागमा संचालित M.Sc in Disaster Risk Management कार्यक्रमको प्रोग्राम कोअर्डिनेटर पदमा मिति २०७९/०१/२५ गते देखि लागु हुने गरी दुई वर्ष सम्मको लागि नियुक्ति गरिएको छ। | २०७९/०१/२३ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.२४२१।२०७८।०७९ को पत्रानुसार। |
| ५ | श्री गोपालकृष्ण याकामी | असिष्टेण्ट टेक्निसियन | त्रि.वि.इ.अ.सं.पुल्चोक क्याम्पस, पुल्चोकको सिभिल इन्जिनियरिङ्ग विभागको असिष्टेण्ट टेक्निसियन पदबाट मिति २०७९/०६/१७ गते देखि लागु हुने गरी अनिवार्य अवकाश हुनुभएको । | २०७९/०१/१३ | त्रि.वि.रजिष्ट्रारको कार्यालय |

# अध्ययन बिदा

इ. अ. सं. का आंगिक क्याम्पसहरुबाट अध्ययन बिदामा बस्नुहुने शिक्षकहरुको२०७९ बैशाख महनामा उपलव्ध विवरण ।

| सि.नं. | नाम | क्याम्पस | अध्ययन विदा स्वीकृत (देखि) | अध्ययन विदा स्वीकृत (सम्म) | समयावधि | पत्रको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | उप-प्रा.धनमाया थापा | थापाथली क्याम्पस | २०७९/०१/१९ | २०८०/०१/१८ | १ वर्ष | २०७९/०१/२३ | इ.अ.सं.,डीन कार्यालयको च.नं.२०२३।०७८।०७९ को पत्रानुसार। |
| २ | उप-प्रा.वेद प्रसाद पाण्डे | थापाथली क्याम्पस | २०७९/०१/१६ | २०८०/०१/१५ | १ वर्ष | २०७९/०१/२३ | इ.अ.सं.,डीन कार्यालयको च.नं.२०२४।०७८।०७९ को पत्रानुसार। |
| ३ | उप-प्रा.कल्याण पौडेल | थापाथली क्याम्पस | २०७९/०२/०१ | २०८०/०१/३० | १ वर्ष | २०७९/०१/२३ | इ.अ.सं.,डीन कार्यालयको च.नं.२०२५।०७८।०७९ को पत्रानुसार। |

# प्रवेश परीक्षा सुधार सुझाव समिति गठन

इ. अ. सं. को प्रवेश परीक्षालाई समय सापेक्ष सुधार गर्नका लागि मिति २०७९-०१-१४ मा तपशिल बमोजिमको प्रवेश परीक्षा सुधार सुझाव समितिको श्रीमान डीनज्यूबाट गठन भएको।

**तपशिलः**

| | |
|---|---|
| १. प्रा. डा. राजेन्द्र श्रेष्ठ | - संयोजक |
| २. सह-प्रा. डा. सन्जिब प्रसाद पाण्डे | - सदस्य |
| ३. उप-प्रा. डा. बाबुराम दवाडी | - सदस्य |
| ४. श्री विदुर ढकाल | - सदस्य |
| ५. श्री भिम बहादुर श्रेष्ठ | - सदस्य सचिव |

# नतिजा प्रकाशन

१. इ.अ.सं. परीक्षा नियन्त्रण महाशाखाद्वारा २०७८ पौष/माघ महिनामा सञ्चालित स्नातक तह सबै कार्यक्रम प्रथम वर्ष दोस्रो खण्ड र तेस्रो वर्ष दोस्रो खण्डको पुनः परीक्षाको परीक्षाफल मिति २०७९ वैशाख २७ गते प्रकाशन भयो ।

२. इ.अ.सं. परीक्षा नियन्त्रण महाशाखावाट २०७८ फागुन महिनामा सञ्चालित स्नातकोत्तर (M.Sc.) तहको विभिन्न कार्यक्रम दोश्रो वर्ष दोश्रो खण्ड (Thesis Defense) को परीक्षाफल मिति २०७९ वैशाख २२ गते प्रकाशन भयो ।

| बुलेटिन प्रकाशन परिवार | |
|---|---|
| प्रा. डा. शशीधर राम जोशी — संरक्षक | प्रा. डा. चिन्तामणी पोखरेल — संयोजक |
| प्रा. डा. सुशील ब. बज्राचार्य — सल्लाहकार | डा. बाबुराम दवाडी — सदस्य (सम्पादक) |
| प्रा. डा. ज्ञान ब. थापा — सल्लाहकार | विदुर ढकाल — सदस्य |
| प्रा. डा. राजेन्द्र श्रेष्ठ — सल्लाहकार | पूर्ण प्रसाद गौतम — सदस्य |
| | भिम बहादुर श्रेष्ठ — सदस्य सचिव |

**इ. अ. सं. का सबै क्याम्पस, सम्वन्धन प्राप्त कलेज, अनुशन्धान/परामर्श केन्द्र, शाखा/महाशाखाहरुलाई अनुरोध!**

सम्वन्धित संस्थाको उचित कार्यसम्पादन मुल्याङ्कन तथा उच्च पारदर्शीता कायम राख्न यस बुलेटिन प्रकाशनले अहम भूमिका खेल्ने अपेक्षा गरिएको छ।

तसर्थः हरेक महिना इ. अ. सं. का सबै क्याम्पस, सम्वन्धन प्राप्त कलेजहरु, सम्वन्धित विभागहरु, अनुसन्धान/परामर्श सेवा केन्द्रहरु, शाखा/महाशाखाहरु आदिले संस्था र सार्वजनिक सरोकारसँग सम्वन्धित गतिविधिहरु आर्को महिनाको पहिलो हप्ता भित्र इ. अ. सं. को इ-मेल bulletin@ioe.edu.np मा पठाई सहयोग गर्नुहुन बुलेटिन प्रकाशन समिति हार्दिक अनुरोध गर्दछ। साथै बुलेटिन प्रकाशन सम्वन्धमा कुनै Feedback/Comments र सुझावहरु भएमा सो समेत पठाउन अनुरोध गरिन्छ।

**इ. अ. सं. बुलेटिन प्रकाशन समिति**